निर्वाचन आयोग नेपाल

प्रतिनिधि सभा सदस्य निर्वाचन, २०८२

# निर्वाचन आचारसंहिता अनुगमन अधिकृत

रोल्पा

निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

निर्वाचन आयोग, नेपाल
निर्वाचन आचारसंहिता अनुगमन अधिकृत
प्रतिनिधी सभा सदस्य निर्वाचन २०८२
रोल्पा

प.सं. २०८२/०८३ मितिः२०८२/१०/२५

## निर्वाचन आचारसंहिता, २०८२ परिपालना सम्बन्धी अनुरोध !

मिति २०८२ फागुन २१ गते हुने प्रतिनिधि सभा सदस्य निर्वाचनलाई स्वच्छ, निष्पक्ष, मितव्ययी, पारदर्शी र भयरहित वातावरणमा सम्पन्न गराउन निर्वाचन आयोगले निर्वाचन आचारसंहिता, २०८२ यही माघ ४ गते बाट लागु गरेको व्यहोरा सर्वविदितै छ। तसर्थ रोल्पा जिल्लामा रहेका सबै राजनितिक दल, दलका भ्रातृ संगठन, सरकारी तथा सार्वजनिक निकाय, गैरसरकारी निकाय, सञ्चारकर्मी, नागरिक समाज तथा सर्वसाधारण नागरिक लगायत सम्बन्धित सबैलाई तपसिल बमोजिम निर्वाचन आचारसंहिता पूर्ण पालना गर्न/गराउनु हुनका लागि सम्वन्धित सबैमा अनुरोध गरिन्छ।

तपसिलः

१. सार्वजनिक निकायले सार्वजनिक श्रोत साधन र सम्पति कुनै दल वा उम्मेदवारको पक्ष विपक्षमा प्रयोग नगर्ने ।

२. निर्वाचन अधिकृतको अनुमति लिई उम्मेदवारले आफ्नो निर्वाचन क्षेत्रमा बढीमा २ वटा सवारी साधन मात्र प्रयोग गर्न सकिने।

३. मतदाता शिक्षामा अवरोध नगर्ने, निर्वाचन सम्बन्धि सामग्री र सूचना बिगार्न वा थपघट गर्न गराउन नहुने ।

४. सार्वजनिक निकाय, विद्यालय क्षेत्र प्रयोग गरी निर्वाचन सम्बन्धी भेला र प्रचार-प्रसार गर्न नहुने।

५. राजनीतिक दल वा उम्मेदवारको चुनाव चिन्ह, फोटो अंकित टि-सर्ट, टोपी, पहिरन, झोला प्रयोग र प्रदर्शन नगर्ने ।

६. घर वा जग्गाधनीको स्वीकृति नलिई कसैको निजी घरजग्गामा राजनीतिक गतिविधि वा प्रचार-प्रसार नगर्ने ।

७. लैङ्गिक साम्प्रदायिक, धार्मिक, अल्पसंख्यक, व्यक्तिको भावनामा आँच आउने, चरित्र हत्या हुनेगरी प्रचार-प्रसार नगर्ने।

८. बालबालिकालाई निर्वाचन प्रचार-प्रसार मा प्रयोग गर्न र गराउन नहुने।

९. कानूनले निषेध गरेको स्थान र समयमा तथा सार्वजनिक आवागमन अवरोध हुनेगरी कुनै किसिमको जुलुस, आमसभा, कोणसभा, भेला वा प्रचार-प्रसार नगर्ने।

१०. निर्वाचनलाई प्रतिकुल असर पर्ने गरी सामाजिक सञ्जालमा गलत, भ्रामक वा द्वेषपूर्ण सूचना प्रवाह र फेक एकाउन्ट, झुटा साइट सञ्चालन गर्न गराउन नहुने ।

११. निर्वाचनलाई प्रभाव पार्ने गरी सूचना तोडमोड गरी शेयर, ट्याग, कमेन्ट, गर्न र गराउन नहुने।

१२. निर्वाचनको विश्वसनीयता वा आयोग, आयुक्त वा कर्मचारीको प्रतिष्ठानमा प्रतिकुल असर हुनेगरी लाल्छना नलगाउने।

१३. कसैको चरित्र हत्या गर्ने, लाञ्छना लगाउने, मानहानी हुने किसिमको सामग्री उत्पादन, प्रकाशन र प्रशारण नगर्ने ।

१४. उम्मेदवार मनोनयन दर्ता देखि मतदान सम्पन्न नभए सम्म मत परिणाम सम्बन्धमा सर्वेक्षण तथा घोषणा गर्न नहुने ।

१५. निर्वाचनलाई प्रभाव पार्ने गरी वा अवरोध हुने गरी विचार राख्न, प्रचार-प्रसार गर्न वा त्यस्ता सामग्री उत्पादन गर्न तथा शेयर गर्न नहुने ।

१६. निर्वाचनको स्वच्छता र निष्पक्षता प्रभावित हुने कार्य नगर्ने।

१७. प्रचार-प्रसार, जुलुस, आमसभा, कोणसभा गर्दा बिहान ७ बजेबाट बेलुका ७ बजे सम्म मात्र गर्ने।

१८. कसैको निजी घरजग्गा, सार्वजनिक भवन, स्थल, सडक पोलमा दलको झण्डा, चिन्ह वा फोटा टाँस्न, राख्न नहुने ।

१९. प्रचलित निर्वाचन कानुन विपरित हुने गरी सार्वजनिक निकाय, सरकारी वा गैरसरकारी संघसंस्थाबाट आर्थिक सहयोग नलिने ।

२०. निर्वाचन आयोग, नेपालले रोल्पा जिल्लालाई तोकेको रु. ३३ लाख सिमा भित्र रही खर्च गर्ने ।

२१. राजनीतिक दल, उम्मेद्वार र निर्वाचन प्रतिनिधिले सार्वजनिक सम्पति र सरकारी कर्मचारी प्रयोग नगर्ने ।

२२. निर्वाचन प्रचार-प्रसार अभियानमा प्रचलित कानून र आचारसंहिताले निषेध गरेको कामको लागि आर्थिक सहयोग नलिने ।

२०८२/१०/२५ २०८२/१०/२५

निर्वाचन आयोग नेपाल

प्रतिनिधि सभा सदस्य निर्वाचन, २०८२

# निर्वाचन आचारसंहिता अनुगमन अधिकृत

रोल्पा

निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

निर्वाचन आयोग, नेपाल
निर्वाचन आचारसंहिता अनुगमन अधिकृत
प्रतिनिधी सभा सदस्य निर्वाचन २०८२
रोल्पा

प.सं. २०८२/०८३ मितिः२०८२/१०/२५

२३. दल वा उम्मेदवारले निर्वाचन प्रचार-प्रसारका लागि आमसभा, कोणसभाको लागि मञ्च तयारी गर्दा तोकिएको सीमाभित्र रही तयार गर्नु पर्ने, लागेको खर्च मतदान सम्पन्न भएको १५ दिनमा निर्वाचन कार्यालयमा जानकारी दिने ।

२४. उम्मेदवारले निर्वाचन सम्बन्धी खर्च गर्दा बैंक तथा वित्तिय संस्थामा छुट्टै खाता खोली दलले तोकेको जिम्मेवार पदाधिकारी मार्फत सोही खाताबाट कारोबार गर्ने ।

२५. दलका उम्मेदवारले पच्चीस हजार भन्दा बढी आर्थिक सहयोग प्राप्त गर्दा बैंक तथा वित्तीय संस्थाबाट गर्ने ।

२६. निर्वाचन आचारसंहितामा तोकिएको समयमा कुनै किसिमको जुलुस, आमसभा, कोणसभा, भेला गर्दा मिति, समय, मार्ग र स्थानको बारेमा २४ घण्टा अगावै स्थानीय प्रशासनलाई जानकारी गराउनु पर्ने ।

२७. कुनै राजनीतिक दलले आयोजना गरेको जुलुस, आमसभा, कोणसभा, भेला कार्यक्रम नबिथोल्ने वा वाधा नपुऱ्याउने।

२८. एकै स्थानमा र समयमा एक भन्दा बढी राजनीतिक दलले कार्यक्रम नगर्ने ।

२९. स्थानीय प्रशासन र कानूनले निषेध गरेका सामग्री लिई जुलुस, आमसभा, कोणसभा र भेलामा सहभागी नहुने ।

३०. विभिन्न संघ संस्था वा व्यक्तिलाई नगद वा जिन्सी अनुदान, सहयोग, सहायता, खर्च दिन वा दिने घोषणा नगर्ने ।

३१. निर्वाचन प्रयोजनको लागि पचत्तहर ग्राम सम्मको कागजमा ३०० वर्ग इन्चको आकारको एउटै रंग र मुद्रकको नाम सहितको पर्चा मात्र प्रयोग गर्ने ।

३२. उम्मेदवार वा दलको कार्यालयमा ३x४ फिटको दलको साइनबोर्ड, झण्डा र चिन्ह राख्ने सकिने तर डिजिटल बोर्ड, फ्लेक्स, श्रव्यदृश्य सामग्री प्रयोग नगर्ने ।

३३. दल वा उम्मेदवारले बढीमा एउटा निजी र आधिकारिक वेब पेजमा प्रचार-प्रसार सामग्री राख्न सकिने ।

३४. माथि उल्लेखित आचारसंहिताका अतिरिक्त निर्वाचन आचारसंहिता, २०८२ को अक्षरशः पालना गर्ने/गराउने।

यस जिल्लाका राजनितिक दल, उम्मेदवार, निर्वाचन प्रतिनिधि र सरोकारवाला कसैले आचारसंहिताको उल्लङ्घन तथा विपरित कार्य गरेमा कानुन बमोजिम कारवाही हुने समेत अनुरोध गरिन्छ। आचारसंहिता उल्लङ्घन भए गरेको पाइएमा वा सो सम्बन्धी कुनै गुनासो भएमा देहायका निकाय/मोवाईल नं. What App No. मा जानकारी गराईदिनु हुन अनुरोध छ।

देहायः

क) निर्वाचन आयोग, कान्तिपथ, काठमाडौं।

ख) मुख्य निर्वाचन अधिकृत, रोल्पा :-९८५७८४९५०१

ग) प्रमुख जिल्ला अधिकारी, रोल्पा :-९८५७८२७७७७

घ) सहायक प्रमुख जिल्ला अधिकारी/निर्वाचन आचारसंहिता अनुगमन अधिकृत, रोल्पा :-९८५७८७७००१

ङ) प्रमुख कोष नियन्त्रक/निर्वाचन आचारसंहिता अनुगमन अधिकृत, रोल्पाः-९८५७८२६२९६ WhatsApp ९८५१११७१८९

च) जिल्ला निर्वाचन अधिकारी :-९८५७८२४६६० email- deo.rolpa@election.gov.np

२०८२/१०/२५ २०८२/१०/२५

(तुकमान पुन मगर) (घनश्याम गौतम)

निर्वाचन आचारसंहिता अनुगमन अधिकृत निर्वाचन आचारसंहिता अनुगमन अधिकृत